# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, मंसीर १८ गते २०५० साल (अतिरिक्ताङ्क ५२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उद्योग तथा श्रम राज्यमन्त्री श्री रामकृष्ण ताम्राकार संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (यूनिडो)को महासभा एवं विचार गोष्ठीमा भागलिन २०५० साल मंसीर १८ गते क्यामरूनको राजधानी याउण्डे तर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग मन्त्रालय र श्रम मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री श्री गोबिन्दराज जोशीले सम्हाल्ने गरी राजप्रतिनिधि परिषद्का अध्यक्ष श्री ५ युवराजाधिराजबाट तोकिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४२

## सूचना २

माननीय अर्थ राज्यमन्त्री श्री महेश आचार्य बंगलादेशको राजधानी ढाकामा हुने सार्क मन्त्रिपरिषद्को बैठकमा भाग लिन २०५० साल मंसीर १८ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य राज्यमन्त्री डा. रामवरण यादवले सम्हाल्ने गरी राजप्रतिनिधि परिषद्का अध्यक्ष श्री ५ युवराजाधिराजबाट तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
प्रमुख सचिव रेवतीरमण खनाल
सदस्य सचिव, राजप्रतिनिधि परिषद



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६४४